# अजिरकोट गाउँ सभा

## १८ औं अधिवेशन

बैठक संख्या - १

मिति २०८२।०९।३० गते बुधबार

अजिरकोट गाउँ सभाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा अजिरकोट गाउँपालिकाको को १८ औं गाउँसभाको पहिलो बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिलका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

१ गाउपालिका अध्यक्ष श्री दीपक देवकोटा

२ गाउपालिका उपाध्यक्ष श्री अनिता भुजेल

३. गाउँसभा सदस्य श्री मनोज गुरुङ

४. गाउँसभा सदस्य श्री कृष्ण बहादुर गुरुङ

५. गाउँसभा सदस्य श्री बाबुराम अधिकारी

६. गाउँसभा सदस्य श्री जङ्ग बहादुर गुरुङ

७ गाउँसभा सदस्य श्री बिर्ख ध्वज गुरुङ

८ गाउँसभा सदस्य श्री सदिक्षा गुरुङ

०९ गाउँसभा सदस्य श्री विन्दा तामाङ

१० कार्यपालिका सदस्य श्री उमा गुरुङ

११ गाउँसभा सदस्य श्री कमला सुनार

१२ गाउँसभा सदस्य श्री सनिल परियार

१३ गाउँसभा सदस्य श्री धनराज घले

१४ गाउँसभा सदस्य श्री कमल बहादुर गुरुङ

१५ गाउँसभा सदस्य श्री दुर्गामान गुरुङ

१६ गाउँसभा सदस्य श्री विवश तामाङ

१७ गाउँसभा सदस्य श्री सोमराज तामाङ

१८. गाउँसभा सदस्य श्री लाला गुरुङ

१९. गाउँसभा सदस्य श्री देव सि नामाङ

२०. गाउँसभा सदस्य श्री भरत दवाडी

२१. गाउँसभा सदस्य श्री शेर वहादुर लामा

२२. गाउँसभा सदस्य श्री डम्मर वहादुर गुरुङ

२३. गाउँसभा सदस्य श्री वेल वहादुर परियार

२४. गाउँसभा सदस्य श्री गोपी माया गुरुङ

२५. गाउँसभा सदस्य श्री लक्ष्मी वि.क

२६. गाउँसभा सदस्य श्री हाईमाया नेपाली

२७. गाउँसभा सदस्य श्री लक्ष्मी परियार वि.क

२८. गाउँसभा सदस्य श्री मिना वि.क

२९. गाउँ सभा सचिव श्री ज्ञानुराम पन्थी

व्यवस्थापन सहयोगी

१. लाल प्रसाद पौडेल (प्रशासन अधिकृत)

२. ईश्वर बाग्ले (लेखा सहायक)

३. जगजित कापर (प्रशासन सहायक)

अजिरकोट अजिरकोट गाउँपालिका

मिति २०८२ पुस ३० गते बुधबार

# १८ औं गाउँसभाको पहिलो बैठकका प्रस्तावहरु

**प्रस्ताव नं १ - गाउँ सभामा अर्धवार्षिक प्रतिवेदन पेश गर्ने ।**

**१ पृष्टभूमिः**

हरेक स्थानीय तहले अर्धवार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनको समिक्षा मार्फत आगामी अर्धवार्षिकमा सेवा प्रवाह र कार्यक्रम कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने भएको ।

**२ प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

स्थानीय तहले गर्न हरेक कृयाकलापहरु निश्चित नीति तथा सिद्धान्तमा बसी सोहि अनुसार कार्यान्वयन गर्नुपर्ने भएकाले अजिरकोट गाउँपालिकाले आर्थिक वर्ष २०८२ ०८३ मा प्रचलित कानून तथा नवौं गाउँसभाले दिएको म्यान्डेट अनुसार विभिन्न विकास निर्माण तथा सेवा प्रवाहको कार्य गर्दै आएको र सोको विषयमा गाउँसभामा अर्धवार्षिक समिक्षा पेश गर्नु पर्ने भएको ।

**३ निर्णयका आधार र कानूनी व्यवस्थाः**

नेपालको संविभान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य सम्बद्ध कानुन बमोजिम गाउँपालिकाको अर्धवार्षिक प्रगति प्रतिवेदनमाथि समिक्षा गर्नुपर्ने र स्वीकृतिका लागि गाउँसभामा पेश गर्नुपर्ने प्रावधान रहेको ।

**४ निर्णय हुनुपर्ने व्यहोराः**

गाउँपालिकाको आ.व. २०८२ ०८३ को विषयगत समिति र न्यायिक समितिले पेश गरेका अर्धवार्षिक प्रतिवेदन स्वीकृत गरी गाउँ सभाको मिति २०८२ पुस ३० गते बस्ने १८ औं गाउँ सभा (हिउँदे अधिवेशन) मा प्रस्तुत गर्ने ।

**प्रस्ताव नं २ - गाउँ सभामा संशोधित बजेट तथा कार्यक्रम पेश गर्ने ।**

**१ पृष्टभूमिः**

स्थानीय सरकारले आवश्यकता अनुसार गाउँ सभामा संशोधित बजेट तथा कार्यक्रम पेश गर्नुपर्ने भएको ।

**२ प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

आ.व. २०८२ ०८३ मा विनियोजित वजेटलाई सशोधन गरी नागरिकहरुको आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएको र आ.व. २०८१ ०८२ मा वचत भएको बजेट रु २१,५०,०००। तथा सशोधन गर्नुपर्ने विभिन्न आयोजनाहरुमा विनियोजन गर्नुपर्ने भएको ।

**३ निर्णयका आधार र कानूनी व्यवस्थाः**

नेपालको संविधान र स्थानीय सरकार सचालन ऐन, २०७४ बमोजिम गाउ सभाले वजेट सशोधन तथा कार्यक्र पारित गर्न सक्ने र सो को प्रस्ताव गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँ सभामा पेश गर्नुपर्ने भएको ।

**४ निर्णय हुनुपर्ने व्यहोराः**

आ.व. २०८२ ०८३ को सशोधित बजेट तथा कार्यक्रम गाउँ सभाको मिति २०८२ पुस ३० गते वस्ने १८ औं गाउँ सभा (हिउँदे अधिवेशन) मा प्रस्तुत गर्ने ।

**प्रस्ताव नं ३ - गाउँ सभामा लेखा समितिले सिफारिस गरेका महालेखा परीक्षकले औंल्याएको बेरुजु नियमित गर्न स्वीकृतिका लागि पेश गर्ने ।**

**१ पृष्टभूमिः**

अजिरकोट गाउँपालिकाका विभिन्न आ.व. को आर्थिक श्रेस्ता गर्ने क्रममा महालेखा परीक्षकको अन्तिम लेखा परीक्षणमा तथा अघिल्लो आ.व. को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनमा सैद्धान्तिक वेरुजुहरु औल्याइएको अवस्था रहेको ।

**२ प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गाउँपालिका लेखा समितिबाट सिफारिस भई आएका अजिरकोट गाउँपालिकाका विभिन्न आ.व. को आर्थिक श्रेस्ता गर्ने क्रममा महालेखा परीक्षकको अन्तिम लेखा परीक्षणमा तथा अघिल्लो आ.व. को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनमा औल्याइएका सैद्धान्तिक वेरुजुहरु नियमित गर्नका लागि सभा समक्ष पेश गर्नुपर्ने भएको ।

**३ निर्णयका आधार र कानूनी व्यवस्थाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४१ को उपदफा १ र २ बमोजिम लेखा समितिले स्थानीय तहका विभिन्न आ.व. को आर्थिक श्रेस्ता गर्ने क्रममा महालेखा परीक्षकको अन्तिम लेखा परीक्षणमा प्रतिवेदनमा औल्याइएका सैद्धान्तिक वेरुजुहरु गाउँ नगर सभाले नियमित गर्न सक्ने प्रावधान रहेको ।

**४ निर्णय हुनुपर्ने व्यहोराः**

अजिरकोट गाउँपालिका लेखा समितिबाट सिफरिस भई आएका अजिरकोट गाउँपालिकाका विभिन्न आ.व. को आर्थिक श्रेस्ता गर्ने क्रममा महालेखा परीक्षकको अन्तिम लेखा परीक्षणमा तथा अघिल्लो आ.व को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका सैद्धान्तिक बेरुजुहरु नियमित गर्नको लागि सभा समक्ष पेश गर्ने ।

**प्रस्ताव नं. ४ अजिरकोट गाउँपालिकाको ऐन तथा कार्यविधि स्वीकृतिको लागि पेश गर्ने ।**

**१ पृष्टभूमिः**

यस अजिरकोट गाउँपालिकाको लागि विभिन्न विधेयकहरु स्वीकृत गर्नु पर्ने आवश्यकता रहेको

**२ प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

स्थानीय तहले निर्माण गर्ने कुनै पनि विधेयकहरु स्वीकृतिको लागि गाउँ सभामा पेश गर्नु पर्ने प्रावधान रहेको ।

३ निर्णयका आधार र कानूनी व्यवस्था :

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐंन, २०७४ अनुसार स्थानीय तहले आफुलाई आवश्यक पर्ने कानून आफै निर्माण गर्न सक्ने प्रावधान भएको ।

**४ निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँपालिकाको १८ औ अधिवेशनद्वारा तपसिल बमोजिमको विधेयक स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने ।

क) अजिरकोट गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८२

ख) अजिरकोट गाउँपालिकाको लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८२

ग) अजिरकोट गाउँपालिकाको बेरुजु फछर्यौट सम्बन्धी कार्यविधि, २०८२

घ) अजिरकोट गाउँपलिकाको गाउँ सभा सचिवालय स्थापना तथा कार्यसञ्चालन कार्यविधि, २०८२

**निर्णय**- माथि उल्लिखित प्रस्तावहरु सम्बन्धमा छलफल गरी प्रस्तावित निर्णयका मस्यौदाहरुलाई गाउँसभाको बैठकमा प्रस्तुत गरियो ।